# कनकाइ नगरपालिकाको १८ औ नगरसभाबाट पारित आ.व. २०८२।०८३ को नीति, कार्यक्रम र बजेटको सार्वजनिकरण कार्यक्रममा नगर उपप्रमुख श्री आशा सिवाकोटी ज्यूले पेश गर्नु भएको मन्तव्य

कनकाइ नगरपालिकाको १८ औ नगरसभाबाट पारित नीति कार्यक्रम तथा वजेटको सार्वजनिककण कार्यक्रमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख राजेन्द्र कुमार पोखरेलज्यू,

**प्रमुख अतिथिः माननीय प्रदेश खानेपानी सिचाइ तथा उर्जा मन्त्री एकराज कार्कीज्यू**
**कनकाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत नारायण न्यौपानेज्यू**

- नगरमा कृयासिल सम्पुर्ण राजनितिक दलका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु
- अतिथि –वडाध्यक्ष श्री सुशिल कुमार पोखरेल
- अतिथि –वडाध्यक्ष श्री बलराम राई
- अतिथि –वडाध्यक्ष श्री युवराज चम्लागाई
- अतिथि –वडाध्यक्ष श्री रोशन सुवेदी
- अतिथि –वडाध्यक्ष श्री कृष्ण बहादुर राई
- अतिथि –वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ओली
- अतिथि –वडाध्यक्ष श्री भिष्म भूषण सिटौला
- अतिथि –वडाध्यक्ष श्री लिला बहादुर कटुवाल
- अतिथि –वडाध्यक्ष श्री राजेन्द्र प्रसाद उप्रेती
- अतिथि –सम्पूर्ण कार्यपालिका सदस्यहरु
- अतिथि –सम्पूर्ण वडा सदस्यहरु
- अतिथि- पुर्व जनप्रतिनिधिहरु
- अतिथि  कनकाइ क्याम्पसका क्याम्पस प्रमुख ज्यू
- अतिथि –अध्यक्ष वा प्रतिनिधि कनकाई उद्योग बाणिज्य संघ
- अतिथि –  बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्यूहरु
- अतिथि –सम्पूर्ण विद्यालयका प्रध्यानाध्यापकहरु

- अतिथि –सम्पूर्ण गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरु
- अतिथि – सम्पूर्ण पत्रकार मित्रहररु
- अतिथि –कनकाई नगर बाल सञ्जाल अध्यक्ष श्री विजय तिवारी ज्यू
- अतिथि –जेष्ठ नागरिक संघ कनकाई नगरपालिका अति अध्यक्ष श्री सम्भु पोखरेलज्यू
- अतिथि –सामाजिक बिकास संघ संस्थाहरुः आमा समुह, महिला स्वास्थ्य स्वंसेविकाहरु
- अतिथि– अध्यक्ष वा प्रतिनिधि –सम्पूर्ण सामुदायिक वन कनकाई नगरपालिका
- अतिथि –अध्यक्ष वा प्रतिनिधि – सम्पूर्ण बजार व्यवस्थापन समिति कनकाई नगरपालिका
- अतिथि –विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु
- सम्पूर्ण संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरू
- सम्मानित र पुरस्कृत हुने महानुभावहरू
- समपुर्ण कर्मचारी साथीहरु,
- लगायत यस कार्यक्रममा उपस्थित हुनु भएका र प्रत्यक्ष प्रशारण मार्फत कार्यक्रममा हेरी रहनु भएको मानुभावहरु

# १ बजेट निर्माणको सैदान्तिक पक्ष

संघीयता स्थापनापछि नेपालको नयाँ संविधान २०७२ ले देशलाई संघीय संरचनामा रूपान्तरण गऱ्यो। तीन तहको सरकारः संघ, प्रदेश, र स्थानीय तहको व्यवस्था गरियो। स्थानीय तहहरू (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका) लाई संविधानतः बजेट निर्माण र कार्यान्वयन गर्ने अधिकार दिइयो। नेपालको संविधन २०७२ को धारा ५९ ले स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र दूरदर्शिताका साथ नगरका नागरिकहरुसँग समन्वय र सहकार्य योजना तयार

गर्ने र त्यसको कार्यान्वयन गर्ने संबैधानिक व्यवस्था गर्यो । सोही व्यवस्थालाई व्यस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ लगायतका कानुनहरूद्वारा स्थानीय तहको बजेट निर्माण, पारदर्शिता र जवाफदेहितालाई संस्थागत गरियो। यस संरचनामा स्थानीय तहहरूलाई संविधानतः कानुनी, प्रशासनिक तथा वित्तीय अधिकार प्रदान गरिएको छ। यी अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध ढंगमा बजेट निर्माण, व्यवस्थापन र कार्यान्वयन अपरिहार्य हुन्छ। यसरी संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको प्रथम निर्वाचित जनप्रतिनिधीहरुको कार्यकाल सकिएसँगै दोश्रो कार्यकालका जनप्रतिनिधीहरु निर्वाचित भएर आएको पनि चौथो वर्षको बजेट निर्माणको क्रममा आइ पुगेका छौ।

संविधानले कल्पना गरेको सबल राजनीतिक एवम् प्रशासनिक सङ्घीयतालाई सार्थक बनाउन स्थानीय तहमा निक्षेपित अधिकार र कर्तव्यलाई संस्थागत गर्नु हामी सबैको साझा दायित्व हो ।यसर्थ नगरपालिकालाई सफल, स्थिर र दिगो बनाई नगरबासीको जनभावना अनुरुप अधिकत्तम सेवा सुविधा उपलब्ध गराउने मूल लक्ष्य एकातिर छ भने विकासका समग्र सूचकहरुलाई दिगो विकास (SDG) का लक्ष्यहरुसँग जोड्दै नगरलाई मुलुकको सर्वोत्कृष्ट नगरको रुपमा परिचित गराउदै समृद्ध नेपाल सुखी नेपाली बनाउने दिशातर्फ हामी उत्तिकै अग्रसर रहेका छौं । जसका लागि हामीले आफ्नो आन्तरिक स्रोतहरुलाई मजबुद बनाउदै **"समुन्नत सम्पदा दिगो पूर्वाधार,समृद्ध कनकाईको मूल आधार"** भन्ने नारालाई सार्थकता प्रदान गर्न अगाडि बढ्नु पर्ने भएको छ ।

दोश्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधीहरुको चौथो बर्षको बजेट र नियमित नवौ बर्षको नीति, कार्यक्रम तथा बजेट ल्याईएको छ ।बजेट कार्यान्वयनका आठ वर्षमा यस नगरमा शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधारतर्फ सडक, पुल, भवन, विद्युत्, खानेपानी, सञ्चार लगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरु सम्पन्न भई नागरिकहरुले अपेक्षित रुपमा धेरै उपलब्धीहरु हाँसिल गरिसकेका छन । विगत आर्थिक वर्षहरुमा यस नगरपालिकाले वित्तीय अनुशासन, राजश्व परिचालन र पूर्वाधार विकासको निर्माण कार्यमा **सर्वोकृष्ट नगरपालिका** घोषणा हुनुले हाम्रो नगरको गौरव थप उचाईमा प्राप्त गरी सकेको छ ।

कनकाइ नगरपालिका नेपालकै पहिलो विधुत चुहावट मुक्त र बन्द निषेधित नगरपालिका हो। भरखरै बालमैत्री नगरपालिका घोषणा भइसकेको छ भने जेष्ठ नागरिकमैत्रीको रुपमा समेत पहिचाहन बनाइ सकेको छ । देशकै उत्कृष्ट नगरको पहिचानलाई ग्रहण गरेर नगरबासीबाट प्राप्त श्रद्धाभाव, उचित सल्लाह र सुझावलाई जनादेशको रुपमा लिईदै आएको छ । हाम्रा अगाडि नगरबासीलाई दिनुपर्ने सेवाहरु प्रशस्तै रहेका छन् तापनि ति सबैलाई आवश्यकता, औचित्यता र सामर्थ्यताको आधारलाई उच्च प्राथमिकतामा राखी उत्साह र तदारुकताका साथ सम्पन्न गर्दै जानुपर्ने टढ्कारो आवश्यकता रहेको छ ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्ने मूल आधार र मार्गदर्शनको रुपमा नेपालको संविधान, संविधानले अंगिकार गरेको एकल तथा साझा अधिकार, नगरको आवधिक योजना (Periodic Plan), राजनीतिक दलहरुले निर्वाचनको बेलामा जनतासामु जारी गरेका घोषणपत्रहरु नगरले हालसम्म प्राप्त गरेका उपलब्धिहरु, नेपाल सरकार र प्रदेश सरकारले समय-समयमा बनाएका कानुन मापदण्ड कार्यविधि दिग्दर्शन निर्देशन र दिगो विकासका लक्ष्यहरु, नगरका राजनैतिक दल र राजनैतिक

व्यक्तित्वहरुले दिनु भएका राय तथा सुझावहरुलाई समेत मुल आधार लिई कनकाई नगरपालिकाको १८ औ नगरसभावाट आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट स्वीकृत भई सकेको छ।

यस नगरको समुन्नत विकासका लागि नगरपालिकाको आन्तरिक श्रोत, संघीय तथा प्रदेश सरकारको श्रोत र राजश्व बाँडफाँडबाट (भ्याट र अन्तशुल्क) प्राप्त हुने रकम, वित्तीय समानीकरण अनुदान, विशेष अनुदान, समपूरक तथा स-शर्तमा उल्लेखित कार्यक्रम समेतका आधारमा आर्थिक वर्ष २०८२/८ ३ मा सञ्चालन हुने योजना तथा कार्यक्रमहरू तयार पारिएको छ ।

## २ बजेट निर्माणका आधारहरु

आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा देहायका आधारहरु लिइएको छ

- नेपालको संविधानको अनुसूची (८) को एकल अधिकार र अनुसूची (९) को साझा अधिकारमा रहेका अनुसूचीहरूमा भएका व्यवस्थाहरु,
- १६ औं राष्ट्रिय आवधिक योजना (राष्ट्रिय योजना आयोग),
- दिगो विकासका लक्ष्यहरू,
- नगरको मध्यकालीन खर्चको संरचना (MTEF),
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अर्थ मन्त्रालय तथा कोशी प्रदेश सरकारको आर्थिक ऐन,
- समय-समयमा प्राप्त भएका मार्गदर्शन र परिपत्रहरू
- नगरपालिकाले आयोजना गरेको पूर्व बजेट छलफल कार्यक्रमबाट प्राप्त भएका सुझावहरू,
- विषयगत समितिवाट प्राप्त भएका सुझावहरु,
- दीर्घकालीन सोचले निर्दिष्ट गरेका विषयवस्तु,
- नगर क्षेत्र भित्र रहेका सम्पूर्ण क्रियाशील राजनैतिक दल तथा दलका भातृ संघ-संगठनहरु, विभिन्न सङ्घ-संस्थाहरु, संचार माध्यम एवम् पत्रकार, नागरिक

समाज, विद्वतवर्ग, पिछडिएका तथा सिमान्तकृत वर्ग र टोलबस्तीहरु समेतबाट प्राप्त भएका सुझावहरू

- नगरवासीहरूले समय समयमा दिनु भएका राय/सुझावहरू

(क) **बजेटका उद्देश्यहरुः**

- नगरमा रहेका प्राकृतिक स्रोत साधनको संरक्षण गर्दै श्रम शक्ति र पुँजीको अधिकतम उपयोग गरी गरिबी न्युनिकरण गर्नु ।
- संघ तथा  प्रदेश सरकार र अन्य निकायवाट प्राप्त अनुदान र सहयोगलाई नागरिकको आवश्यकता परिपूर्ति गर्ने कार्यमा लगानी गर्नु ।
- प्राकृतिक विपत्तीबाट हुन सक्ने क्षतिलाई रोकथाम तथा नियन्त्रण गर्न र नागरिकहरुको जीउ, धनको सुरक्षा गर्नु।
- कृषि र पशुपालन जस्ता उत्पादशील क्षेत्रलाई उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समतामूलक आर्थिक विकासको आधार तयार गर्नु र हाम्रा उत्पादनलाई निर्यातसँग आबद्ध गर्नु।
- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चिता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु।
- गुणस्तरीय पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गरी स्थानीयस्तरमा नै रोजगारीको सृजना गर्नु ।
- नगरलाई समय सापेक्षरुपमा प्रविधिको भरपुर उपयोग गरी प्रविधीलाई सुशासनमा जोड्नु ।
- नगरले अवलम्बन गरेको **"सम्मुनत सम्पदा दिगो पूर्वाधार, समृद्ध कनकाईको मूल आधार"** भन्ने नारालाई आत्मसात् गर्नु।
- न्युनतम साधन स्रोतलाई अधिकतम क्षेत्रमा उपयोग गरी दिगो विकासका लक्ष्य हासिल गर्नु ।

(ख) **बजेटका प्राथमिकताहरू**

- कृषितथा पशुपालन क्षेत्रको रुपान्तरण
- समय सापेक्ष स्वास्थ्य र शिक्षाको गुणस्तरमा वृद्धि

- गरीब, भूमिहीन र विपन्न परिवार लक्षित कार्यक्रम सञ्चालन
- आर्थिक तथा सामाजिक क्षेत्रमा समानुपातिक विकास
- भौतिक पूर्वाधारको निर्माण एव स्तरोन्नती
- संस्थागत क्षमता विकास
- लक्षित वर्गको क्षमता विकास
- पर्यटन प्रवर्द्धन
- एकिकृत विपद् व्यवस्थापन,वातावरण संरक्षण
- औद्योगिकीकरण तथा युवा रोजगारीको अवसरमा वृद्धि
- हरित, उज्यालो, बालमैत्री नगर निर्माण

**३ आ.व. २०८१।०८२ मा कनकाइ नगरपालिकामा भए गरेका योजना तथा कार्यक्रमहरूको संक्षिप्त प्रगति विवरण**

अब म कनकाइ नगरपालिकामा चालु आ.व. २०८१।०८२ मा भए गरेका योजना तथा कार्यक्रमहरूको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु।

**क आय ब्ययको विवरण**

चालु आर्थिक वर्षमा आन्तरिक आम्दानी तर्फ ११ करोड ४४ लाख ७ हजार अनुमान गरिएकोमा हालसम्म ९ करोड ४४ लाख ६६ हजार २ सय ०४ रुपैया गरी कुल अनुमानको ८२.५७ प्रतिशत आम्दानी भएको, संघीय समानीकरण तर्फ १३ करोड ४५ लाख अनुमान गरिएकोमा हालसम्म १२ करोड ३४ लाख १७ हजार २ सय गरी कुल समानीकरण ९१.७६ प्रतिशत आम्दानी भएको, प्रदेश समानीकरण तर्फ ८४ लाख १९ हजार अनुमान गरिएकोमा ८४ लाख १९ हजार गरी १०० प्रतिशत आम्दानी भएको संघीय राजश्व बाँडफाड तर्फ १० करोड ४४ लाख अनुमान गरिएकोमा रु ९ करोड ३१ लाख ८३ हजार ८ सय ३२ रुपैया गरी ९१ प्रतिशत त्यसैगरी प्रदेश राजश्व बाँडफाड तर्फ १ करोड ३ लाख ७४ हजार अनुमान गरिएकोमा १ करोड १७ लाख ९५ हजार ८ सय ७७ गरी ११३ प्रतिशत र स्थानीय राजश्व बाँडफाड (घरजग्गा रजिष्ट्रसन र दहत्तर बहत्तर शुल्क) ३ करोड ३३

लाख अनुमान गरिएकोमा ३ करोड ३८ लाख ९४ हजार ५ सय १० रुपैया गरी १०९ प्रतिशत गरी तथा सशर्त अनुदान समेत गरी कुल ६३ करोड ८५ लाख ६२ हजार ९ सय ८४ गरी ९१.७१ प्रतिशत आम्दानी देखिन्छ ।

**ख ब्ययको विवरण**

चालु आ व २०८१/०८२ को लागि कुल बजेट रु ६९ करोड ८९ लाख ८४ हजार (सशर्त थप समेत) विनियोजन गरिएको थियो। जस मध्ये चालु शीर्षकमा रु ४५ करोड ४१ लाख ३३ हजार ६ सय ६८ विनियोजन भएकोमा रु ४० करोड ३२ लाख २० हजार ५ सय ८८ रुपैया खर्च भइ कुल चालु खर्च ८८.७८ प्रतिशत र पुँजीगत कार्यक्रममा रु २४ करोड २१ लाख ५० हजार ३ सय ३२ रुपैया विनियोजन भएकोमा रु १९ करोड ३१ लाख ११ हजार ६ सय २२ खर्च भइ कुल पूँजीगत खर्च ७९.७५ प्रतिशत गरी चालु आर्थिक वर्षमा कुल खर्च ८५.६४ प्रतिशत वित्तिय प्रगति भएको अवस्था छ ।

नगरबासी नागरिकहरुको मनोबल उच्च राख्दै चालु आ.व. २०८१/८२ मा निनियोजना भएका बजेट तथा कार्यक्रमहरु आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन, वातारण तथा विपद् व्यवस्थापन र संस्थागत विकास जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिएको छ। बजेटले लिएको लक्ष पुर्ण रुपमा प्राप्त हुन नसके पनि अधिकास योजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन।चालु आ.व. को कुल आम्दानी तथा खर्चलाई विष्लेशण गर्नु पनि अपरिहार्य रहेको छ।

| आम्दानी शिर्षक | प्रस्तावित | वास्तविक रकम | श्रेत्रगत खर्च शिर्षक | रकम |
|---|---|---|---|---|
| संघिय सरकार | ३९४५६०००० | ३६६६७७२०० | आर्थिक विकास | ३१८६२७६३ |
| प्रदेश सरकार | ३९२४३००० | ३८१७६३३३ | पुर्बाधार विकास | १५०७९११०१.५० |
| राजश्व बाडफाड | १४८०७४००० | १३९२४३२४७.७९ | सामाजिक विकास | २५४४४९४८१.३२ |
| आन्तरिक श्रोत | ११४४०७००० | ९४४६६२०४.०३ | वन वातावरण तथा विपद व्यवस्थापन | ८४७७१९७ |
| बैक मौज्दात | ४८१९३८७२.५१ | ४८१९३८७२.५९ | सूसासन तथा कार्यलय संचालन र प्रशासनिक | १५०७५१६६७.२ |
| | | | सशर्त फिर्ता | २१३१७२८३.१९ |

| | | | | |
|---|---|---|---|---|
| | | | (संघ/प्रदेश) | |
| जम्मा | ६९६२८४००० | ६३८५६२९८४.८२ | जम्मा | ६१७६४९४९३.२ |

## ग) चालु आ.व. २०८१/८२ मा भएका महत्वपुर्ण उपलब्धीहरु

अव म चालु आ.व. २०८१/८२ मा भएका महत्वपुर्ण उपलब्धीहरु देहाय बमोजिम पेश गर्दछु ।

| मुख्य क्षेत्र | मुख्य उपलब्धीहरु |
|---|---|
| सडकतर्फ | सडक ग्राभेल १६.कि मी सडक कालोपत्रे ३.५५ कि मी सडक पेभर्स ८.८८ कि मी स्तरउन्नति(मर्मत) ४७७ मिटर प्लम्ब वाल १४.२५ कि मी कम्पाउण्ड वाल ०.४० कि मी पुल कल्भर्ट कजवे सख्या ५ कि मी डेन निर्माण ०.४९ कि मी |
| भवन निर्माण | भवन सख्या ३२ (मन्दिर सामुदायिक भवन, विद्यालय लगायत) |
| धनीपुर्जा वितरण | धनीपुर्जा वितरण ८० घरधुरीको सम्पन्न ( वडा न ४, ५, ८ ) वितरण पुर्जाको काम मोठ कायम साथै नक्सा कार्यन्वयन कार्य सम्पन्न । धनीपुर्जा वितरणको लागि तयारी - २०८ घरधुरी ( वडा न. ३ र ६ ), दस्तुर निर्धारण सम्बन्धी सूचना प्रकाशन - १०९ घरधुरी ( वडा न. ४,५,८ ) धनिपुर्जाको लागि निस्सा वितरण गरिएको कुल संख्या ७०५१ |
| योजना तथा कार्यक्रम | योजना संचालन भई कार्यसम्पन्न, २३२ कार्यक्रम तर्फ १५६<br>ठेक्का मार्फत संचालन भएका योजनाहरुः १८ |
| शिक्षा क्षेत्रका उपलब्धीहरु | दश बर्षे नगर शिक्षा योजना निर्माण।स्थानीय पाठ्यपुस्तक कक्षा ७-८ को लेखन सहित कक्षा कक्षा १-८ को छ्पाई तथा विद्यालयमा वितरण।(३३९३ थान), शैक्षिक अवलोकन भ्रमण तथा असल अभ्यास कार्यान्वयन गर्ने १७ बुदे प्रतिबद्ता।शैक्षिक क्यालेन्डर निर्माण गरी |

| | |
|---|---|
| | विद्यालयको शैक्षिक कार्यक्रमा एकरुपता कायम। |
| स्वास्थ्य क्षेत्रका उपलब्धीहरु | नगरलाई पूर्णखोप सुनिश्चितताको दीगोपना घोषणा गरिएको। सरकारले तोकेका विभिन्न प्रकारका निःशुल्क उपलब्ध हुने औषधी वितरण, २७८ जना आमाहरुलाई सुत्केरी पोषण सम्बन्धी सामाग्री वितरण ,गम्भीर प्रकृतिका विरामी परेका १३५ जनालाई मासिक ५ बजारका दरले सहयोग उपलब्ध, |
| कृषि तथा पशुपंक्षि क्षेत्रका उपलब्धीहरु | पशुपंक्षी उपचारतर्फ १५१५२, कृतिम गर्भधान ४०१३, विभिन्न रोगहरु विरुद्दको खोप (लम्पि स्किन, खोरेत, रेविज, स्वाईनफिवर,PPR आदी) ३१,७४७, सामुदायिक कुकुर बन्धाकरण ८० वटा, जैविक सुरक्षा कार्यक्रम १ पटक, ट्रेविज निर्माण २ तथा नियमित परामर्स सेवा तथा प्रयोगशाला सेवा २५३ वटा। |
| सुसासन तथा सेवा प्रवाह | नगरप्रहरी नियुक्ति, २ वटा वडा कार्यलयहरु आफ्नै वडावाट संचालन, O&M सर्भे पुरा गरी दर्ता प्रकृयामा पठाईएको, बेरुजु फर्छ्यौटका लागि सम्बन्धित निकायलाई पत्रचार गरी बेरजुको मात्रा घटाईएको, सार्वजनिक सुनुवाई , गुनासो अधिकारी, सूचना अधिकारीको व्यवस्था, नियमित सेवा प्रवाह, योजना तथा कार्यक्रम अनुगमन नियमित रुपमा गरी प्रभावकारी बनाईएको, आवधिक योजना, आयोजना बैक निर्माण गरि कार्यन्वयनको चरणमा रहेको, ऐन नियमावली, कार्यविधि तथा मापदण्डको संग्रह निर्माण, वालमैत्री नगर घोषणा राजस्व शिविर संचालन गरी छुटेका व्यवसायहरुलाई करका दायरामा ल्याइएको नियमित रुपमा कार्यापालिकाको निर्णयहरू, खरिद सम्बन्धी सूचना, समीक्षा प्रतिवेदन, त्रैमासिक प्रगति प्रतिवेदन तथा स्वत प्रकाशन गर्नुपर्ने सूचनाहरू र अन्य दस्तावेजहरू वेभसाइटमा राखिएको छ। कनकाइ नगरपालिकाको फेसबुक पेज, टेलिभिजन मार्फत सन्देशमूलक सूचना तथा जानकारी प्रकाशन गर्ने गरिएको छ। |
| विविध | सिचाई मोटर वितरण ३३५, मकै छोडाउने औजार ८५, मकै रोप्ने |

| | |
|---|---|
| कार्यक्रम | औजार १०२, धान रोप्ने ड्रस सिडर ७, विद्युतिय चुलो ८०३, सुधारिएको चुलो ४५, स्वास्थ्य विमा ७३८, जैविक मल २६४ केजी धानको विउ ३७९५ केजी, दाहसंकार सहयोग ३४१ विपन्न नागरिक सहयोग १४०, खेकुद सामाग्री १०८ सेट, कुर्सी ३०० झूल वितरण १७० जाली बेल्चा वितरण ७५ स्प्रेटयाङ्की ५५ वटा , साईकल वितरण १५ वटा |
| सामाजिक सुरक्षा तथा घटना दर्ता | सामाजिक सुरक्षा प्राप्त गर्ने कुल संख्याः ५९५३<br>सामाजिक सुरक्षा वापत खर्च भएको रकमः<br>घटना दर्ता तर्फ जन्मः ७३३ मृत्यु ३७७<br>बसाईसराई जानेः१७२ परिवार, बसाई सरी आउनेः३५५ परिवार, विवाह दर्ताः ४८७ सम्वब्ध विच्छेदः ७६ |
| न्यायिक समिति | जम्मा मुद्दा दर्ताः १७ फैसला भएका मुद्दाः १६ बाकी मुद्दाः१ |
| महिला वालवालिका तथा जेष्ठ नागरिक र अपाङ्गता | अपाङ्गता व्याक्तिहरुलाई परिचयपत्र वितरण ३६४, जेष्ठ नागरिक परिचयपत्र वितरण १०५, अपाङ्ग भएका व्याक्तिहरुलाई स्वीलचियर लगायत सामाग्री वितरण ७२ जना |

## ४ नगरपालिकामा बजेट कार्यान्वयन गर्दा देखिएका मुख्य समस्याहरुः

- योजना कार्यान्वयन समयमा शुरु नहुनु
- योजना निर्माणदेखि बजेट कार्यान्वयनसम्म प्राविधिक दक्ष जनशक्ति अपर्याप्त छ।
- ३ बजेट खर्च गर्नु पर्ने वास्तविक आवश्यकता भन्दा पनि फरक ढगबाट कार्यक्रम अगाडि बढ्ने प्रवृत्ति रहेको छ।
- आन्तरिक आय स्रोत सम्पत्ति कर), व्यवसाय कर, सेवा शुल्क आदिप्रभावकारी ( रूपमा संकलन हुन सकेको छैन।

- सघीय र प्रदेश सरकारबाट आउने अनुदान ढिलो हुने समस्या साथै विनियोजन भएको बजेट समेत प्राप्त नहुने जसले बजेट कार्यान्वयनलाई असर पार्दछ।
- ठेक्का प्रक्रिया ढिलो हुनु।
- नगरपालिकाको कार्यक्षेत्र विशाल भए पनि पर्याप्त स्रोत साधन, यातायात, अनुगमन उपकरण, निरीक्षण टोलीको व्यवस्था छैन।
- निर्माण व्यवसायीहरूको लापारवाहीको कारण समयमा योजना सम्पन्न नहुनु।
- नीतिगत समस्या ।
- वर्षको अन्त्यमा मात्र बजेट खर्च गर्ने प्रवृत्ति )fiscal year rush) आम देखिन्छ।यसले बजेट हतारमा प्रयोग हुने, गुणस्तरहीन काम हुने, र खर्च प्रमाणिकरणमा समस्या आउने अवस्था सिर्जना गर्छ।
- वित्तीय समानीकरण, राजस्व बाँडफाड र आन्तरिक राजस्व कमी हुँदा स्रोतको कमी रहेको छ।
- कतिपय कानुनहरू जस्तै शिक्षा, संघीय निजामती ऐन हालसम्म नबनेकोले जनशक्तिको उत्प्रेरणा र मनोवल उच्च बनाउन समस्या रहेको छ भने व्यवस्थापनमा समस्या भैरहेको छ।
- आवधिक योजना, बार्षिक विकास आयोजना छनौट, संचालनमा समय परिपालना, गुणस्तर सुनिश्चित गर्न कठिनाइ रहेको छ।
- जग्गा प्राप्ति तथा श्रोत अभावले वडा कार्यालय बनाउन नसक्दा कार्य वातावरणमा सुधार गर्न नसकिएको अवस्था छ।
- विभिन्न सरकारसँग समन्वय, सहकार्य तथा साझेदारीमा ठुला आयोजनाहरु अपेक्षित रूपमा संचालन गर्न नसकिएको अवस्था रहेको छ।
- स्रोत अभावमा सन्तुलित विकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाई भएको अवस्था रहेकोछ।
- कानुन परिपालना गराउन कठिनाई भएको अवस्थाले कार्यसम्पादन चुस्त, दुरुस्त बनाउन थप प्रयत्न गरि रहनु परेको अवस्था छ।

- कार्यालय प्रमुख बारम्बार परिवर्तन भईरहँदा संस्थागत संस्मरण तथा कार्य सम्पादनमा समस्या देखा परेको छ।

# ५ आ.व २०८२/०८३ का वजेटका विशेषताहरु

- विगत वर्ष र चालु आ व २०८१।०८२ मा बनाइएका र कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरुको शुष्म विष्लेषण तथा समिक्षा गरि आगामी आ व २०८२।०८३ को योजना तथा कार्यक्रम बनाइएको छ।
- ठुलो परिणाममा घाटा बजेट नबनाइ यथार्थपरक वजेट बनाइको छ/
- बजेट निर्माण र कार्यन्वयन प्रकृयामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिएको छ ।अवण्डमा बजेट राखेको छैन।
- अधुरा कार्य सम्पन्न गर्ने योजना सम्पन्न गर्न प्राथमिकतामा राखिएको छ।
- महत्वाकाक्षी कार्यक्रम समावेश नगरी कार्यान्वयनगर्न सकिने खालका योजना तथा कार्यक्रम मात्र तयार गरिएको छ।
- पुर्वाधार, कृषि, शिक्षा स्वास्थ्य पशुपालनलाई विशेष प्राथमिकतामा राखिएको छ।
- सेवा प्रवाह र अनुगमनलाई प्रभावकारी बनाउन जोड दिएको छ ।
- आवधिक योजना (०८६।०८७ -२०८२।०८३ .ब.आ)आयोजना बैक दश वर्षे नगर शिक्षा योजना निर्माण गरी कार्यानवयनमा लगिएको छ।

## आव.२०८२।०८३ का श्रेत्रगत नीतिगत मुख्य मुख्य विषयहरु

- अधुरा र सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमलाई सम्पन्न गर्न प्राथमिकता दिइएको छ।
- पाँच लाख भन्दा माथिका आयोजनाहरु ईविल्डिग मार्फत मात्र गरिने नीति - लिएको छ।

- ❖ टेण्डर प्रकृयाबाट हुने योजना कार्तिक मसान्त सम्ममा र उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना पौष मसान्तसम्ममा सम्झौता भइ सक्ने गरी कार्यान्वयन गरिनेछ ।
- ❖ टोल विकास संस्थालाई समेत सामाजिक परिचालनका क्षेत्रमा सहकार्य गरिने नीति लिइएको छ।
- ❖ सडक कालो पत्रे गर्दा 30mm भन्दा नहुने नीति लिइएको बर्ष भित्र सबै वडा कार्यालयको केन्द्रसम्म सडक कालोपत्रे गरिने नीति लिइएको छ।
- ❖ अनुगमनलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ ।
- ❖ विद्यालयलाई आवश्यकता र औचित्यका आधामामा मर्ज गरिदै लगिनेछ।
- ❖ शिक्षक दरबन्दी मिलान र समायोजन गरिनेछ।
- ❖ शिक्षाको गुणस्तर सुधारन जोड दिइएको साथै अनुगमन प्रभावकारी वनाउन कार्यतालिका निर्माण गरी लागू गरिनेछ।
- ❖ सामुदायिक विद्यालयमा प्रधानध्यापक खुल्ला प्रतिस्प्रधात्मकबाट नियुक्ति गर्ने नीति लिइएको छ।
- ❖ दश वर्षे शिक्षा नीति निर्माण भएको र त्यसलाई कार्यान्वयन गरिने गरी अगाडी बढाइएको छ।
- ❖ कनकाइ नगर अस्पतालको भवन निर्माण सम्पन्न गरी सोही भवनबाट सेवा प्रवाह गरिनेछ ।
- ❖ निशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी वनाइनेछ।
- ❖ ल्याव नभएका स्वास्थ्य संस्थाहरुमा क्रमश ल्याव स्थापना गरिदै लगिनेछ
- ❖ वर्ष माथिका जेष्ठ नागरिकको घुम्ति स्वास्थ्य परिक्षण गरिने व्यवस्था शुरु 80 गरिनेछ।
- ❖ युवाहरुलाई खेलकुद तथा ब्यवसायिक र प्राविधिक सिपको माध्यमबाट क्षमाता विकास गरिनेछ।
- ❖ लोक सेवा तालिम शिक्षक सेवा तालिम तथा सुरक्षा निकायमा भर्ना हुनका लागि चाहिने तालिम उपलब्ध गराइनेछ।

- ❖ युवाहरुलाई दुब्यसनीबाट बचाउन सचेतनामुकल कार्यक्रम संचालन गरिनेछ।
- ❖ प्रतिपर्धी खेलाडी तयार गरिनेछ।
- ❖ बालमैत्री नगरपालिकाको दिगोपनाका लागि विषेश कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गैर सरकारीसगको साझेदारीलाई निरन्तता दिईएको छ।
- ❖ सामुदायिक वनको आम्दानी सोही क्षेत्रमा लगानी गरी पर्यापर्यटन बाताबरण संरक्षण जोड दिइएको छ।
- ❖ नगरवासीमा खानेपानी सहज पहुचँ पुन्याउन प्राथमिकता दिइनेछ।
- ❖ विपद् न्यूनीकरणका लागि विशेष कार्यक्रम अगाडी सारिएको छ।
- ❖ नदीजन्य पदार्थको अवैध चोरी निकासीलाई रोक्न विशेष जोड दिइएको छ।
- ❖ जलवायु परिवर्तन असर पहिचान गरी न्यूनीकरण गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- ❖ नदी नियन्त्रणका लागी तटबन्ध निमार्ण बार्योइन्जिनिङ पद्धति अवलम्वन गरिनेछ ।
- ❖ बातावरण संरक्षण फोहोर व्यवस्थापन प्रदुषण नियन्त्रणमा समुदायको साझेदारी कार्यक्रम संचालन गरिनेछ।
- ❖ सेवा प्रवाहलाई छिटो छरितो र गुणस्तरी वनाइनेछ।
- ❖ वडा नं ६ र को भवन सम्प ४ आफ्नै भवनबाट सेवा प्रवाह गरिनेछ।
- ❖ बेरुजु नियन्त्रका लागि प्रभावकारी कार्य योजना बनाइ अगाडी बढाइनेछ।
- ❖ कर्मचारी क्षमता विकास गरिने ।अनलाइन दर्ता चालनी भगिनी सम्बन्ध विस्तार जस्ता कार्यक्रम अगाडी बढाइनेछ।
- ❖ सार्वजनिक खरिद प्रकृया पारदर्शी र व्यवस्थित बनाइनेछ।
- ❖ बजार अनुगमनलाई प्रभावकारी वनाइनेछ ।
- ❖ न्यायिक सम्पादन कार्य छिटो छरितो पारदर्शी र व्यवस्थित बनाइएको छ।
- ❖ अग्यार्निक तरकारी खेती प्रवर्दन गरिनेछ।
- ❖ कृषिमा दिइने अनुगमन एकरुपता ल्याइ प्रभावकारी कार्यान्वयन गरिनेछ।

- ❖ पशु बिमा पशु उपचारमा धुम्ति शिविर संचालन  पशुहाट व्यवस्थित बनाइनेछ।
- ❖ ५०% अनुदान पानी तान्ने मोटर वितरणलाई कार्यान्वयन गरिनेछ।
- ❖ कनकाइमा धार्मिक पर्यटकीय क्षेत्रमा पुर्वाधार विकासमा जोड दिइएको छ।
- ❖ सहकारी संस्थाहरुएको क्षमता विकास गरिने गरी अनुगमन प्रभावकारी बनाइनेछ ।
- ❖ राजस्वको दायरा बढाइने छुटेका कारहरु दायरा ल्याइनेछ।
- ❖ सार्वजनिक जग्गामा बसोबास गर्नेलाई समेत करको दायरामा ल्याइनेछ।

# ७ आगामी आ ब २०८२।०८३ को आय ब्ययको अनुमान

संघीय सरकार, कोशी प्रदेश सरकार, अर्थ मन्त्रालय,राष्ट्रिय योजना आयोग, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय समेतबाट संविधानको निर्देशक सिद्धान्त भित्र रही यस नगरपालिकाको १८ औ नगरसभाबाट आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृत भईसकेको छ। संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समानीकरण, राजश्व बाँडफाँट, विशेष अनुदान, विभिन्न संघ संस्था तथा दातृ निकायबाट अनुदान तथा ऋण र नगरको आन्तरिक श्रोतबाट समेत प्राप्त हुने अनुमानित (चालु तथा पूँजीगत समेत) कुल रकम रु.७०६९२५१०१– (सत्तसी करोड उनान्सत्तरी लाख पच्चिस हजार एक सय एक मात्र ) को सीमा भित्र रही आम्दानी तथा खर्चको अनुमान तपशिल बमोजिम रहेको छ।

| आय शिर्षक | रकम | व्यय शिर्षक | रकम |
|---|---|---|---|
| समानीकरण संघ | १२९१००००० | सामाजिक विकास तर्फ | ५,५६,५५,००० |
| राजश्व वाँडफाड संघ | ११२९०३१०१ | आर्थिक विकास तर्फ | २,७१,८०,००० |
| प्रदेश समानीकरण | १२१९९००० | पुर्वाधार विकास | ९,२६,००,००० |
| प्रदेश राजश्व वाँडफाड | १२६००००० | वन वातावरण तथा विपद व्यवस्थापन | १,२८,५२,१०१ |
| आन्तरिक | ७५५४०००० | संस्थागत विकास तथा | २०,७०,५५,००० |

| | | | |
|---|---|---|---|
| | | सुसासन | |
| स्थानीय राजस्व बाँडफाड | २३००००००० | संघिय, प्रदेश सरकारवाट हस्तान्तरित ससर्त, समपुरक तथा विषेशअनुदान खर्च | ३१,१५,८३,००० |
| अनुमानित बैंक मौज्दात | १००००००० | | |
| संघिय, प्रदेश सरकारवाट हस्तान्तरित ससर्त, समपुरक तथा विषेश अनुदान खर्च | ३१,१५,८३,००० | | |
| जम्मा | ७०,६९,२५,१०१ | जम्मा | ७०,६९,२५,१०१ |

माथि उल्लेखित विभिन्न शीर्षकबाट प्राप्त हुने अनुमानित कुल आय रकम रु. ७०,६९,२५,१०१।- (अक्षरेपि सत्तरी करोड उनान्सत्तरी लाख पच्चीस हजार एक सय एक) मध्ये सशर्त अनुदान (संघीय) तर्फ चालु र पूँजीगतमा रु.२४,२५,००,०००।-( चौविस करोड पच्चीस लाख मात्र), सशर्त अनुदान (प्रदेश) तर्फ चालू र पूँजीगतमा रु. १,४३,८३,०००। -) एक करोड त्रिचालिस लाख त्रियासी हजार रुपैंया) संघ समपुरक अनुदानतर्फ पूँजीगतमा रु ५२०००००।(अक्षरेपी बाउन्न लाख) प्रदेश समपूरक अनुदानतर्फ पूँजीगतमा रु. १,२९,००,०००।– (एक करोड उनान्तीस लाख रुपैंया मात्र), विशेष अनुदान संघ तर्फको पूँजीगतमा रु. ३,६६,००,०००।- (तीन करोड छैसठ्ठी लाख मात्र),स्थानीय आन्तरिक श्रोत रु.९,८५,४०,०००।-(अक्षरुपी नौ करोड पचासी लाख चालिस हजार रुपैया) मौज्दाततर्फ रु. २,९९,९२,०००– (अक्षरेपी दुई करोड उनान्सय लाख बयानब्बे हजार रुपैया मात्र) तथा संघीय तथा प्रदेश सरकार समेतबाट प्राप्त हुने समानीकरण अनुदानतर्फ रु.१४,१२,९९,०००।-(चौध करोड बार्ह लाख उनान्सय हजार रुपैंया मात्र) राजश्व बाँडफाँड संघ तथा प्रदेशबाट प्राप्त हुने रकम रु १२,५५,०३,१०१।- (अक्षरेपी बार्ह करोड पचपन्न लाख तीन हजार एक सय एक), रकमलाई कनकाई नगरपालिकाले आगामी आ.व. २०८२/०८३ मा तपशिलका नगर तथा वडामा सञ्चालन गर्ने योजना तथा कार्यक्रम र अन्य विभिन्न चालु तथा पूँजीगत शीर्षकमा खर्च गर्ने गरी बजेट विनियोजन भएको छ।

**उपस्थित**
**सम्पूर्ण मानुभावहरु**

मैले आज प्रस्तुत गरेको आ.व. २०८२/८३ को बजेटको कार्यान्वयनबाट नगरको आर्थिक तथा सामाजिक क्षेत्रमा उपलब्धी हासिल हुने, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन वातावरण तथा विपद, संस्थागत क्षेत्रको रुपान्तरणको थप आधार निर्माण हुन जाने, पुर्वाधार निर्माण हुने, स्थानीय गरिबीमा कमी आउने, न्यायपूर्ण समाज निर्माण हुने, निजी क्षेत्र र नगरको समावेशी लगानीले नगर समृद्धिको शिखरमा पुग्ने अपेक्षा लिएको छु। नेपाल सरकार र प्रदेश सरकारले लिएको आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायीत्व सहितको सन्तुलित दिगो आर्थिक विकासको आधार सिर्जना भई नेपाल सरकारले लिएको आर्थिक वृद्धिदरको लक्ष्य समेत पूरा हुने अपेक्षा गरेको छु ।

हाल विश्व अर्थतन्त्रमा देखिएको आर्थिक उतार चढावको प्रत्यक्ष प्रभावले नेपालको अर्थतन्त्रका सूचकहरुमा समेत असर परेको र बढ्दो प्रकृतीजन्य जोखिमले बजेटको कार्यान्वयनमा प्राप्त गर्ने नतिजामा समेत असर पुर्याउन सक्ने देखिन्छ।यसर्थ माथि उल्लेख गरिएका समग्र क्षेत्र तथा विषयहरुमा तोकिए बमोजिमका कार्यक्रमहरुमा गरिने खर्चवाट यस नगरका नगरवासीको आय स्तरमा वृद्धि भई नागरिकहरुको जीवनस्तरमा सुधार आउने अपेक्षा लिएको छु।

प्रस्तुत वजेट तर्जुमाका क्रममा आदरणीय नगर प्रमुखज्यू, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, नगरमा रहेका सम्पुर्ण राजनैतिक दल ,राष्ट्रसेवक कर्मचारीहरु साथैबजेट लेखन कार्यमा खटिनुहने कर्मचारीहरुवाट प्राप्त सहयोग प्रति हार्दिक सम्मान एवम आभार व्यक्त गर्दछु। यसरीनै बजेट तर्जुमाकै प्रकृयामा अमुल्य सुझाबका लागि नगरमा रहेका राजनैतिक दलका भातृ सङ्घ/संगठनहरु,नगरका विभिन्न बिषयगत समितिहरु,नगरवासीहरु, निजी तथा सहकारी क्षेत्र, संचारकर्मी एवम पत्रकारहरु, नगरको आर्थिक तथा सामाजिक विकासमा कर तिरी नगरको विकासमा योगदान पुर्याउनु हुने सम्पुर्ण करदाताहरु प्रति हृदयदेखि धन्यवाद दिन चाहन्छु। साथै सम्पूर्ण नगरवासी दिदी बहिनी तथा दाजुभाइहरुलाई कनकाई नगरको विकास प्रयास र नागरिकको जीवनस्तरमा उल्लेखिय परिवर्तन ल्याउने कार्यमा हातेमालो गर्दै अगाडी बढ्न हार्दिक अनुरोध गर्दछु।

**मितिः२०८२/०३/ ३० गते सोमवार**

आशा शिवाकोटी
(नगर उपप्रमुख)
कनकाई नगरपालिकाको कार्यालय,
जामुनवारी, झापा, कोशी प्रदेश, नेपाल